# आवेदनको लागि आवश्यक डकुमेन्ट (कागजपत्र)

१. सर्वप्रथम आवश्यक पर्ने कागजपत्र
   १. आवेदन फर्म
   २. बायोडाटा
   ३. अध्ययन गर्न चाहनुको कारण (प्रपोजल)
   ४. शैक्षिक प्रमाणपत्र (अन्तिम उत्तीर्ण गरेको स्कूल वा कलेजको प्रमाणपत्र)
२. अन्तर्वार्तापछि आवश्यक पर्ने कागजपत्र (राजदुताबासमा पेस गर्नुपर्ने कागजपत्र)

## आवेदक

१. आवेदन पत्र
२. बायोडाटा
   अ. हालको ठेगाना : नागरिकतामा उल्लेखित भएको ठेगानालाई मान्यता दिइने छ । (मान्यता नभएको अवस्थामा सम्बन्धित निकायको सिफारिस आवश्यक पर्ने छ ।)
   आ. ठेगाना पुर्ण रुपमा लेख्नपर्ने छ । आफुले अध्ययन गरेको विद्यालयको अर्थात् कलेजको नाम पनि उल्लेख गनुपर्ने छ । (विद्यालय अर्थात कलेजको नाम वा ठेगाना शैक्षिक प्रमाणपत्रमा उल्लेख भएअनुसार हुनुपर्ने छ ।)
   इ. जापानिज भाषाको अध्ययनको प्रमाणपत्रमा उल्लेख गरेका बुँदाहरुलाई मान्यता दिइने छ । (प्रमाणपत्रमा अध्ययन गरेको विद्यालयको नाम, ठेगाना र अध्ययन अवधि आवश्यक पर्ने छ ।)
३. अध्ययन गर्न चाहनुको कारण
   अ. अध्ययन गर्न चाहेको विषय, अध्ययन गर्न चाहनुको कारणसँग मेल खानुपर्ने छ ।
   आ. अध्ययन गर्न चाहेको विषय विश्वविद्यालय अर्थात् इन्स्टिच्युटमा अध्ययन गर्नुपर्ने छ ।
४. आश्यक पर्ने पारिवारिक कागजपत्र
   अ. आवेदकको आमाबुबाको पुरा नाम, उमेर (जन्म मिति, पेसा, ठेगाना) नाता प्रमाणितको प्रमाणपत्र, हालको पेसागत प्रमाणपत्र, आयस्रोतको प्रमाणपत्र
५. शैक्षिक प्रमाणपत्र
   अ. १२ कक्षा अर्थात् सो सरहको तह उत्तीर्ण गरेको प्रमाणपत्र
६. जापानिज भाषाको अध्ययन
   अ. जापानिज भाषाको ४ तह (चारौँ तह) वा सोसरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र
७. फोटो ६ ओटा (3cm x 4cm)
८. जापानमा भ्रमण गरिसकेको अवस्थामा सोसम्बन्धी सम्पुर्ण विवरण भएको कागजपत्रको फोटोकपी (पासपोर्ट, गएको र फिर्ता फर्केको मिति आदि)

## अध्ययनको लागि लगानीकर्ताको विवरण

१. लगानीको स्रोतको विवरण

अ. लगानीको स्रोतको स्पष्ट विवरण हुनुपर्ने छ ।

आ. लगानीकर्ता एकजनाभन्दा बढी भएको अवस्थामा प्रमुख लगानीकर्ताको निर्णय गरी निजले हस्ताक्षर गर्नुपर्ने छ ।)

२. लगानीकर्ता र आवेदकको नाता प्रमाणितको प्रमाणपत्र

अ. लगानीकर्ता र आवेदकको नाता प्रमाणितको प्रमाणपत्र आवश्यक पर्ने छ ।

आ. ठेगाना बायोडाटामा उल्लेख भएअनुसारको हुनुपर्ने छ ।

३. बैङ्क अर्थात= फानान्स कम्पनीमा खाता भएको प्रमाणपत्र

अ. खातामा विदेशी वा स्वदेशी रकमको विवरण पेस गर्नुपर्ने छ ।

४. खाताको फोटोकपी, रकम जम्मा गरेको र झिकेको सम्पुर्ण विवरण उल्लेख भएको कागजपत्र

अ. लगानीकर्ताको आय (आयस्रोतको प्रमाणपत्रमा आधारितभन्दा माथिको रकम एकैपटक खातामा जम्मा गरेको अवस्थामा सम्बन्धित निकायको सिफारिस आवश्यक पर्ने छ ।)

आ. लगानीकर्ताको नाम स्पष्ट रुपमा उल्लेख गरिनुपर्ने छ ।

इ. ३ वर्षसम्मको खाता विवरण आवश्यक पर्ने छ ।

५. हालको पेसा

अ. कम्पनी वा हाल काम गरेको कार्यस्थलमा प्रवेश गरेको मिति, कुन तहमा बसेर काम गर्दै हो सोको विवरण

६. आयस्रोतको विवरण

अ. ३ वर्षसम्मको आयस्रोतको विवरण

७. अध्ययनको लागि लाग्ने पुँजीको स्रोत

अ. लगानीकर्ता परिवारको आयस्रोत, खर्च, बैङ्क अर्थात फाइनान्स कम्पनीमा भएको डिपोजिट रकम वा खाताको विवरण (कसरी अध्ययनको लागि पुँजीको व्यवस्था गर्ने हो सोको विवरण)

नोट १ : लगानीकर्ताको आफ्नै व्यवसाय भएको अवस्थामा सो व्यवसायको प्रमाणपत्र आवश्यक पर्ने छ ।

नोट २ : बुबा लगानीकर्ता, आमा पनि लगानीकर्ता भएको अवंथामा आमाको पनि हालको पेसा, आयस्रोतको विवरण आवश्यक पर्ने छ ।

नोट ३ : माथि उल्लेखित भएको सम्पुर्ण कागजपत्र पेस गरेको अवस्थामा अध्ययनको लागि अगााडिको प्रोसेस हुने छ ।